# मनसुन पूर्व तयारी योजना

## २०७७/७८




**जिल्ला विपद् व्यवस्थापन समिति**

**खोटाङ, प्रदेश नं. १**

## १. भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक, प्रशासनिक विभाजन

खोटाङ जिल्लाको भौगोलिक वनौटमा विविधता पाइन्छ । एकातिर यस जिल्लामा मैयूङ, मेरुङ र टर्याम्के जस्ता पहाडी श्रृङखलाहरु रहेका छन् भने अर्कोतर्फ साप्सु, रावा, सावा, सुनकोशी तथा अन्य नदीनालाहरुबाट निर्मित साना ठूला बेंसीहरु रहेका छन् । जिल्लाको सवै भाग पहाडी धरातल रहेकाले मूलत: यस जिल्लामा शीतोष्ण हावापानीको प्रधानता छ ।

### १.२ भौगोलिक अवस्थिति

| | |
|---|---|
| अक्षांश | २६° ५०, उत्तर देखि २७° २८, उत्तरी अक्षांससम्म |
| देशान्तर | ८६° २६, पूर्व देखि ८६° ५९, पूर्वी देशान्तरसम्म |
| समुन्द्र सतहदेखिको उचाई | १५२ मिटर देखि ३६२० मिटर सम्म |
| कूल क्षेत्रफल | १५९१ बर्ग किमि (१५९,१०० हेक्टर) |

### १.२ सिमाना

यस जिल्लाको पूर्वमा कोशी अञ्चलको भोजपुर जिल्ला पर्दछ भने पश्चिम, उत्तर र दक्षिणमा सगरमाथा अञ्चलका क्रमश :ओखलढुंगा, सोलुखुम्बु र उदयपुर जिल्लाहरु पर्दछन् ।

### १.३ राजनैतिक तथा प्रशासनिक विभाजन

वि.स. २०४६ सालमा देशमा प्रजातन्त्रको पूनर्स्थापना पश्चात खोटाङ जिल्लाको राजनैतिक, प्रशासनिक र भौगोलिक पक्षलाई मध्यनजर राखी प्रशासनिक सेवा सुविधाको सन्तुलित वितरणमा सहयोग पुगोस् र राजनैतिक दृष्टिकोणवाट सम्पूर्ण नागरिकहरुको समान पहुँच रहोस् भन्ने उद्धेश्यले वि.स. २०४६ मा ३ निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । फेरी वि.स. २०५१ मा तत्कालिन सरकारद्धारा यस जिल्लालाई २ निर्वाचन क्षेत्र र १३ वटा इलाकामा विभाजन गरिएको थियो । नेपालमा संघीयताको कार्यान्वयनसँगै संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र एक, प्रदेश सभा निर्वाचन क्षेत्र २ दुई र १० स्थानीय तहमा विभाजन गरिएको छ ।

प्रतिनिधि सभा निर्वाचन क्षेत्रः १ वटा

प्रदेश सभा निर्वाचन क्षेत्र : २ वटा

नगरपालिका : २ वटा (दिक्तेल रुपाकोट मझुवागढी र हलेसी तुवाचुङ)
गाउपालिका: ८ वटा (साकेला, दिप्रुङ, खोटेहाङ, बराहपोखरी, जन्तेढुङ्गा, केपिलासगढी, ऐसेलुखर्क र रावावेशी)
वडा: ७९ वटा

## १.४ मौसम :

यस जिल्लाको औषत तापक्रम न्यूनतम ५° से. देखि अधिकतम ३०° से.सम्म रहेको पाईन्छ भने औषत वर्षा : १४८ मि.ली. हुने गरेको पाइन्छ ।

## १.५ प्रमुख नदी/खोला :

दूधकोशी, सुनकोशी, रावाखोला, सावाखोला, साप्सु खोला, अन्य खोलाहरु : लैकु खोला ,मेवाखोला, टुवाखोला, तापखोला, तावाखोला, वुवाखोला, छेपेखोला, दिखुमखोला, वेलियाखोला, मखुवाखोला, रुपुवाखोला, लप्सेखोला, काभ्रेखोला आदि ।

## १.७. मनसुन प ूर्व तयारी तथा प्रतिकार्य योजनाका उदेश्यहरु

- जिल्ला विपद् व्यवस्थापन समिति र सरोकारवालाहरुलाई मनसुन पूर्वतयारी तथा प्रतिकार्य सेवामा सहयोग पुर्याउनु,
- अगुवाहरु बीच प्रभावकारी समन्वय तथा द्रुत सूचना आदान प्रदान गराई तथा प्रतिकार्य सेवामा सहयोग पुर्याउनु ,
- विभिन्न जनचेतनामुलक गतिविधिको माध्यमवाट मनसुनको पूर्वतयारी तथा असरलाई न्युनीकरण गर्ने,
- मनसुन पश्चात उद्धारको लागि यथाशिघ्र घटनास्थलमा पुगी उद्धार गर्न सक्षम बनाउने,
- मनसुन पश्चात प्रभावित व्यक्ति तथा समुदायलाई राहतको ब्यवस्था गर्ने,
- मनसुन प्रभावितलाई तत्काल उद्धार तथा राहत सेवा पुर्याउन सरल पार्ने,
- मनसुनबाट प्रभावित भएका अशक्त, गर्भवती, सुत्केरी महिला बालबालिका, एच.आई.भी.संक्रमित र जेष्ठ नागरिकहरुलाई प्राथामिकतामा राखी राहतका कार्यक्रमहरुको योजना बनाउने,
- अगुवाहरु बीच रणनीतिक योजनाको खाका तयार गरी प्रभावकारी राहत तथा उद्धार सेवामा सहयोग पुर्याउनु,

## १.८ योजनाको आवश्यकता तथा महत्व

विपद व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यमध्ये मनसुन पूर्वतयारी हो । विपद् आउनुभन्दा अगाडी र प्रतिकार्य योजना विपद् परे लगत्तैदेखि स्थिति सामान्य नभए सम्म कार्यान्वयन हुन्छ । विपद्को यो समय ज्यादै संवेदनशील हुने भएकोले यस समयमा गरिने मानवीय सहयोग महत्वपूर्ण रहने हुनाले यस योजनाको ठूलो महत्व रहन्छ । योजनाका महत्व तथा आवश्यकतालाई देहायवमोजिमको आवश्यकताले पुष्टी गर्छ :

- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित र सुनिश्चितता गर्छ ।
- बाढीपहिरोको जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- पीडितलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्धार र राहतजस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गर्ने मार्गदर्शन दिन्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।
- भविष्यमुखी योजना भएकोले प्रक्रियाहरु सहज गर्ने कार्य गर्दछ ।

## २.९ खोटाङ्ग जिल्लामा विपदको इतिहास

खोटाङ्ग जिल्लाको विपद्को इतिहास हेर्ने हो भने पहिरो र आगलागिलाई नै प्रमुख प्रकोपको रुपमा मानिन्छ । जिल्लाभित्र वहने दूधकोशी, सुनकोशी, रावाखोला, सावाखोला, साप्सु खोला, मेवाखोला, टुवाखोला, तापखोला, तावाखोला, वुवाखोला, छेपेखोला, दिखुमखोला, वेलियाखोला, मखुवाखोला, रुपुवाखोला, लप्सेखोला, काभ्रेखोला आदिका आसपासका भुभागमा वाढी एवम् भुक्षयको प्रकोपहरु बिभिन्न समयमा देखा परिरहेको पाईन्छ ।

यसै गरी जिल्लाका प्रमुख वजार मध्ये दिक्तेल वजार, हलेशी बजार आदिमा अव्यवस्थित शहरीकरण दिनानुदिन वढ्दै जानुले भविष्यमा कुनै प्रकारको विपद आइनलाग्ने संभावना बढ्दो छ । २०७२ साल वैशाख १२ गतेको विनाशकारी भुकम्प, २०७४ सालमा हलेसी तुवाचुङ नगरपालिकाको हलेसी बजारमा, दुर्छिम, बाहुनीडाँडा लगायतको स्थानमा लागेको आगलागि, २०७३ असार २७ गते थर्पुडाँडामा भएको आगलागि, २०७३ आषाढमा मात्तिम क्षेत्रमा आएको बाढी तथा नदी कटान, २०६१ सालमा बडहरे, बाहुनीडाँडामा गएको बाढीपहिरो, २०७२ को कृषि बाली (मकै, कोदो आदि) मा प्रत्येक वर्ष देखा परेको फौजी किराको संक्रमण,

असिनापानीले धानबालीलाई नष्ट पारेको अवस्था, २०७६ असार २६ गते लगातर एक साता अबएको वर्षले पुर्याएकव् जनधनको क्षति, लामो खडेरीले बालीनाली पुर्याएको क्षति, वर्षेनि चटयाङले जनधनको क्षति, स्थानीय स्तरमा ग्रामिण सडकहरु अव्यवस्थित रुपमा निर्माण हुनु साथै चटयाङले वर्षेनी जनधनको क्षतिलाई हेर्दा यस जिल्ला जलवायुजन्य तथा प्रकोपजन्य विपद्को जोखिममा देखिन्छ । सदरमुकाममा रहेको नगरपालिकाभित्र ढलको निकास नहुनु, विपद्का समयमा सुरक्षित स्थानमा जान सुरक्षित बाटो नहुनु, आगलागि नियन्त्रणको लागि वरुणयत्रको उचित मर्मत संभार नहुनु, व्यवस्थित सडकमार्ग नहुनु, आगलागि नियन्त्रणको लागि टोलटोलमा पानीको व्यवस्थापन नहुनु, खोज तथा उद्धारका सामाग्रीको व्यवस्थापन गर्न नसक्नु, तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु/नहुनु जस्ता विभिन्न कारणले गर्दा जिल्लाको समग्र चुनौतीलाई प्रष्ट पारेको छ । अन्य जिल्लाका शहरी दुर्घटनाहरुलाई नियाल्दा यस किसिमको प्रकोपको निम्ति समयमै सम्वन्धित निकायमा तथा स्थानीय जनसमुदायले सजगता एवं पूर्वतयारीका उपायहरु अवलम्वन गरिहाल्नुपर्ने आजको आवश्यकता देखिन्छ ।

खोटाङ जिल्लाको उत्तरी भु–भाग भौगोलिक रुपमा पनि विकट मानिन्छन् । उक्त क्षेत्रका सुंदेल, फेदी, बासपानी, खार्ताम्छा, सप्तेश्वर, महेश्वरी, जलेश्वरी आदी गाउपालिकाका वडाहरु पहिरोका कारण विगत लामो समयदेखी प्रभावित छन । त्यसैगरी जिल्लाकै दक्षिणी भु–भागका गाउपालिकाका वडाहरु सुन्तले, फाक्टाङ, वोपुङ, इन्द्राणीपोखरी, चिप्रिङ, आदि पहिरोका जोखिममा रहेका छन् । आगलागि, पहिरो, भुकम्प, वाढी, चटयाङ, खडेरी, हावाहुरी, असिनापानी, अनिकाल, सडक दुर्घटना, महामारी, विषालु सर्पहरुको टोकाई जस्ता प्रकोपजन्य विपद्वाट संकटासन्न अवस्था रहेका छन् ।

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

## क) खोज उद्धार, पुर्बतयारी, प्रतिकार्य तथा समन्वय :

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाढी,पहिरोको जोखिमयुक्त स्थानको पहिचान गरी त्यस्तो स्थान र जोखिमको प्रकार सहितको सूची जिल्ला विपद व्यवस्थापन समितिमा पठाउने | सबै नगरपालिका र गाउँपालिका | • नेपाल रेडक्रस<br>• अन्य संघसंस्थाहरु | १५ दिन भित्र | |
| २ | विपद पूर्वतायरीको लागि सचेतना जगाउने किसिमका सूचनाहरु स्थानीय संचार माध्यमबाट प्रचार प्रसार गर्ने | जिल्ला विपद् ब्यवस्थापन समिति | • सबै पालिकाहरु<br>• सुरक्षा निकायहरु<br>• जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी<br>• अन्य संघसंस्थाहरु | मनसुन शूरुहुनु पुर्ब समय देखि निरन्तर | |
| ३ | वर्षा याममा सकेसम्म नयाँ सडक ट्याक नखोल्ने र खोल्दा सोही समयमा नालीको व्यवस्था गर्ने | सबै नगरपालिका र गाउँपालिका | • निर्माण व्यवसायीहरु<br>• सचेत नागरिकहरु | मनसुन समयमा | |
| ४ | खानेपानीको मुहान र पाइपलाइन तथा सिंचाइ कुलोको मुहान र कुलो संरक्षण | सबै नगरपालिका, गाउँपालिका र सिंचाइ कार्यालय | • विभिन्न सम्वन्धित सरकारी तथा गैर सरकारी निकाय | मनसुन शूरुहुनु पुर्ब समय देखि निरन्तर | |
| ५ | सडक, सिंचाइ, खानेपानी जस्ता संरचना जोगाउन तयारी कार्य गर्ने तथा प्रतिकार्यको | सुरक्षा निकायहरु | • निर्माण व्यबसायि संघ<br>• सबै पालिकाहरु | मनसुन शूरुहुनु पुर्ब समय देखि निरन्तर | |

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| | लागि ईक्वीपमेन्ट सहित आबश्यक न्यूनतम उद्धार सामाग्री सहित खोज तथा उद्धार तयारी अवस्थामा राख्ने | खोज तथा उद्धारमा सम्लग्न निकायहरु, डिभिजन सडक कार्यालय हर्कपुर र गाइघाट दिक्तेल सडक आयोजना | • विभिन्न संघसंस्थाहरु | | |
| ६ | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रलाई सचेत अबस्थामा राख्ने | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, DDMC | • NEOC (National Emergency Operation Center) राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी | निरन्तर | |
| ७ | राहत सामाग्रीहरुको उचित भण्डारण गर्ने तथा जिल्लामा भएको भण्डारणको अनुगमन गरी अध्याधिक गर्ने | जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र तथा जिल्ला विपद् ब्यवस्थापन समिति | • नेपाल रेडक्रस सोसाइटी<br>• नेपाल उघोग बाणिज्य संघ | कम्तिमा महिनामा १ पटक | |
| ८ | जिल्ला विपद् ब्यवस्थापन राहत कोषमा न्यूनतम रकम राख्ने | जिल्ला विपद् ब्यवस्थापन समिति | • गृह मन्त्रालय<br>• जिल्ला समन्वय समिति | निरन्तर | |
| ९ | सुरक्षा निकायहरुलाई तैनाथी अबस्थामा राख्ने | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल | • गृह मन्त्रालय<br>• जिल्ला विपद् ब्यवस्थापन समिति | निरन्तर | |

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १० | बाढी पुर्व सुचना प्रणालीलाई थप प्रभावकारी बनाउन सूचना प्रविधीको प्रयोगलाई वढाउने | • जिल्ला विपद व्यवस्थापन समिति | • जल तथा मौसम बिज्ञान बिभाग<br>• जलमापन केन्द्रहरु<br>• बर्षा मापन केन्द्र | निरन्तर | |
| ११ | मुख्य नदि तथा खोलाहरुमा बाढीको बहाव मापन गरी जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रमा सुचना दिने | • जल तथा मौषम बिज्ञान बिभागका स्थानिय ईकाई कार्यालय<br>• जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र | • जल तथा मौसम बिज्ञान बिभाग<br>• जलमापन केन्द्रहरु<br>• बर्षा मापन केन्द्र<br>• NEOC (National Emergency Operation Center) राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्र | निरन्तर | |
| १२ | स्थानिय स्वयंसेवकको गठन गरी परिचालन गर्ने | • DDMC/DEOC (District Emergency Operation Center) जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र | • सबै स्थानीय तहहरु<br>• नेपाल रेडक्रस सोसाइटी, जिल्ला क्लष्टर निकायहरु | जेठ भित्र | |
| **ख)** | **<u>राहत, पुनस्थापना, पुनर्लाभ :</u>** | | | | |
| १ | बिपद्को पुर्वानुमान गरी न्युनतम बन्दोबस्तीका सामाग्रीहरु ब्यवस्थापन गर्ने | जिल्ला समन्वय समिति, सबै नगरपालिका र गाउँपालिकाहरु | • स्थानिय बिपद ब्यवस्थापन समिति, स्थानिय रेडक्रसका | जेठको तेश्रो हप्ता भित्र | |

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | स्वयंसेवक तथा उपशाखाहरु | | |
| २ | आश्रय स्थलको पहिचान र व्यवस्था | सबै नगरपालिका र गाउँपालिकाहरु | • स्थानिय बिपद ब्यवस्थापन समिति,<br>• जिल्ला विपद व्यवस्थापन समिति<br>• अन्य संघसंस्थाहरु | जेठको तेश्रो हप्ता भित्र | |
| ३ | अस्थायी आवास ब्यवस्थापनका लागी सरोकारवाला निकायमा सहजीकरणमा सहयोग गर्ने | जिल्ला समन्वय समिति, सबै नगरपालिका र गाउँपालिकाहरु | • स्थानिय बिपद ब्यवस्थापन समिति,<br>• वडा नागरीक मञ्च,<br>• डिभिजन बन कार्यालय<br>• स्थानिय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | जेठको तेश्रो हप्ता भित्र | |
| ४ | आपत्कालीन अबस्थामा अस्थायी आवास निर्माणका लागी प्राबिधिक सहयोग गर्ने | न.पा./गा.पा./नेपाल रेडक्रस सोसाइटी | • DDMC सेल्टर क्लष्टरका सदस्यहरु<br>• नेपाल रेडक्रस सोसाइटी | निरन्तर | |
| ५ | प्रत्येक घना बस्तीको लागी एउटा खुल्ला क्षेत्रको पहिचान गर्ने | न.पा./गा.पा./नेपाल रेडक्रस सोसाइटी | • जिसस, गापा, नपा<br>• नेपाल रेडक्रस सोसाइटी | मनसुन शुरुहुनु पुर्ब | |

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| ६ | तत्काल राहत बितरणका लागी गैह्रखाद्य सामाग्री ब्यवस्थापन गर्ने | नेपाल रेडक्रस सोसाइटी | • जिल्ला विपद् ब्यवस्थापन समिति<br>• संघ संस्थाहरु, क्षेत्रगत सदस्य | विपदको समयमा आवश्यकता अनुसार | |
| ७ | अत्यवश्यक तथा दैनिक उपभोग्य वस्तुहरुको संचय | उद्योग वाणिज्य संघ | • सबै स्थानीय तहहरु<br>• जिल्ला विपद व्यवस्थापन समिति<br>• नेपाल रेडक्रस सोसाइटी<br>• खद्या भण्डार तथा व्यापार कार्यालय | नियमित | |
| ८ | अस्पताल,बिद्यालय, सुरक्षा निकाय तथा मानविय आबश्यक्ताका सामाग्री भण्डारणका लागी क्याम्प ब्यवस्था गर्ने | न.पा./गा.पा./नेपाल रेडक्रस सोसाइटी, नेपाली सेना नेपाल प्रहरी र सशस्त्र प्रहरी वल | • सेल्टर क्लष्टर सदस्यहरु<br>• नेपाल रेडक्रस सोसाइटी<br>• जिल्ला शिक्षा कार्यालय | जेठको तेश्रो हप्ता | |
| ९ | राहत बितरण | सबै स्थानीय तहहरु | • DDMC,जिसस, नपा, गापा, सेवा केन्द्रहरु<br>• अन्य संघसंस्थाहरु | बिपद पश्चात | |

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १० | परीवारबाट बिछोडिएका, अभिभावक गुमाउन सक्ने बालबालीकाका लागी तत्काल राहत तथा बन्दोबस्ती उपलब्ध गराउन सक्ने गरी ब्यवस्था गर्ने | सम्बन्धित न.पा./गा.पा. | • नेपाल रेडक्रस सोसाइटी<br>• अन्य संघसंस्थाहरु | जेठको तेस्रो हप्ता | |

अनुसूची १

नेपाली सेनाको तैनाथ

| सि न | तैनाथ रहेको स्थान | नफ्रि | कमाण्डर |
|---|---|---|---|
| १ | मुडे | गण हे.क्वा. | प्रमुख सेनानी(गणपति) |
| २ | सु.बेश ऐसेलुखर्क | १ | अधिकृत (गुल्मपति) |

अनुसूची २

नेपाल प्रहरी तैनाथ

| क्र.स. | सुरक्षा निकायको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| 1 | जिल्ला प्रहरी कार्यालय | दिक्तेल | 9852805555 |
| 2 | इलाका प्रहरी कार्यालय हलेसी | हतुनपा ७ | 9852849800 |
| 3 | इलाका प्रहरी कार्यालय ऐसेलुखर्क | ऐसेलुखर्क गापा३ | 9852849117 |
| 4 | इलाका प्रहरी कार्यालय खोटाङवजार | खोटेहाङ गापा ७ | 9852849433 |
| 5 | इलाका प्रहरी कार्यालय चिसापानी | जन्तेढुंगा गापा ५ | 9852949432 |
| 6 | इलाका प्रहरी कार्यालय बाक्सिला ख | केपिलासगढी गापा ४ | 9852852890 |
| 7 | इलाका प्रहरी कार्यालय मातिमबिर्ता ख | साकेला गापा ४ | 9743086186 |
| 8 | प्रहरी चौकी अखौंले | हतुनपा १० | 9843092266 |
| 9 | प्रहरी चौकी खार्ताम्छा | केपिलासगढी गापा २ | 9862980952 |
| 10 | प्रहरी चौकी चिउरीडाडा | दिरुमनपा ७ | 9743092109 |
| 11 | प्रहरी चौकी च्यास्मिटार | हतुनपा ३ | 9852949520 |
| 12 | प्रहरी चौकी छितापोखरी | दिप्रुङ चुईचुम्मागापा ६ | 035691299 |
| 13 | प्रहरी चौकी जाल्पा | दिरुमनपा १२ | 9862980951 |
| 14 | प्रहरी चौकी डुम्रेधारापानी | रावावेशी गापा ४ | 036690548 |
| 15 | प्रहरी चौकी देविस्थान | जन्तेढुंगा गापा १ | 9743027285 |
| 16 | प्रहरी चौकी धितुङ | हतुनपा ८ | 9862980960 |
| 17 | प्रहरी चौकी नुनथला | दिरुमनपा १३ | 9825705600 |
| 18 | प्रहरी चौकी बाराहापोखरी | बाराहापोखरी गापा १ | 9743073226 |
| 19 | प्रहरी चौकी बुईपा | दिरुमनपा १४ | 9852849552 |
| 20 | प्रहरी चौकी रतन्छा | साकेला गापा २ | 9862980953 |
| 21 | प्रहरी चौकी वाप्लुखा | खोटेहाङ गापा २ | 9862980957 |
| 22 | प्रहरी चौकी सिमपानी | खोटेहाङ गापा ८ | 9862980958 |
| 23 | प्रहरी चौकी हुक्नाजोर | बाराहापोखरी गापा ४ | 9743085798 |
| 24 | प्रहरी चौकी हलेसी तुवाचुङ | छापडाँडाहलेसी , | |
| 25 | प्रहरी चौकी खार्पा | रावावेशी गापा २ | 9862980956 |

| | | | |
|---|---|---|---|
| 26 | प्रहरी चौकी हरमटार | रावावेशी गापा १ | 9852890121 |
| 27 | अस्थाइ ट्राफिक प्रहरी पोष्ट | दिरुमनपा २ | 9862679509 |
| 28 | अस्थाइ प्रहरी चौकी तालखर्क | दिरुमनपा ६ | 9743053381 |
| 29 | अस्थाइ प्रहरी चौकी भण्डारेघाट | दिप्रुङ चुईचुम्मागापा ४ | 9852849450 |
| 30 | अस्थाइ प्रहरी चौकी याम्खा | दिप्रुङ चुईचुम्मागापा १ | 9862980959 |
| 31 | सामुदायिक प्रहरी सेवा केन्द्र | खोटाङ | |
| 32 | जिल्ला अदालत सुरक्षा गार्ड | दिक्तेल | 9741450497 |
| 33 | प्रमुख जिल्ला अधिकारी सुरक्षा गार्ड | दिक्तेल | 036420681 |
| 34 | जिल्ला कारागार सुरक्षा गार्ड | दिक्तेल | 9852690095 |
| 35 | विमानस्थल सुरक्षा गार्ड | लामिडाँडा | 9862980950 |
| 36 | विमानस्थल सुरक्षा गार्ड (अस्थाइ पोष्ट) | खानीडाँडा | 9862980954 |
| 37 | विमानस्थल सुरक्षा गार्ड | थामखर्क | |
| 38 | जिल्ला अस्पताल सुरक्षा गार्ड | दिक्तेल | |
| 39 | जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र | दिक्तेल | |

अनुसुची ३

शसस्त्र प्रहरी तैनाथ

| क्र.स. | सुरक्षा निकायको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| 1 | सशस्त्र प्रहरी वल नेपाल नंहलेसी गुल्म ७. खोटाङ | दि.रु.म.न.पा . | |
| २ | सशस्त्र प्रहरी वल नेपाल सुरक्षा वेस चिसापानी | जन्तेढुङ्गा | |